**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२४१

मितिः २०८१/०१/२०

समयः बिहान ११:०० बजे

प्रारम्भ: बिहान ११:१५ बजे

अन्त्य: दिनको २:३० बजे

**छलफल तथा निर्णय** :-

समितिको आज मिति २०८१/०१/२० गते बसेको बैठकमा शान्ति प्रकृया, संक्रमणकालिन न्यायका सम्बन्धमा हालसम्म भएका कामकारवाही र सो सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव लोकराज पराजुली र सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव उदयराज सापकोटासँग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. निष्पक्ष, तटस्थ तथा प्रभावकारी रुपमा कार्य सम्पादन गरी शान्ति प्रकृया र संक्रमणकालिन न्यायका बाँकी रहेका काम सम्पन्न गर्न सक्ने गरी बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारीको नियुक्त गर्न नेपाल सरकारलाई निर्देशन दिने।

२. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले सशस्त्र द्वन्दको क्रममा बेपत्ता पारिएका व्यक्तिका पिडीत परिवारलाई रु. १०(दश) लाखका दरले राहत रकम उपलब्ध गराउन विभिन्न मितिमा सिफारीस गरेका व्यक्तिहरुमध्ये केहि व्यक्तिहरुले हालसम्म पनि राहत रकम प्राप्त गर्न नसकेकोले निजहरुलाई राहत रकम उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालयलाई निर्देशन दिने।

३. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सिफारीस अनुसार परिचय पत्र प्राप्त गरेका पिडीत तथा पिडीतका परिवारलाई निश्चित मापदण्डको आधारमा सेवा सुविधा, छुट तथा सहुलियत प्रदान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।

४. सशस्त्र द्वन्दका कारण घाईते भएकाहरुलाई निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने।

५. जनसंख्या तथा विकासका लागि सांसदहरुको मञ्च( NFPPD) र UNFPA को सहकार्यमा उपयुक्त समयमा "जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) को प्रतिबद्धताहरु विशेष गरी लैङ्गिक समानता र लैङ्गिक हिंसालाई सम्बोधन गर्न र यौन तथा प्रजनन स्वास्थ्य अधिकारको प्रवर्द्धनमा सांसदहरुको भूमिका " विषयक २ दूई दिने आवासिय अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने।

६. समितिको आगामी बैठक मिति २०८१/०१/२१ गते विहान ११:०० बजे बस्नेगरी आजको बैठक अन्त्य भयो।